# "मुख्यमन्त्री स्वच्छता अभियान" कोष स्थापना

## संचालन तथा व्यवस्थापन कार्यविधि 2075

प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

# "मुख्यमन्त्री स्वच्छता अभियान"
# कोष स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि
# २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत मितिः-२०७५।०९।१७

सरकारी कार्यालय, बाटोघाटो, धार्मिक स्थल, विद्यालय, पोखरी, ईनार लगायत सार्वजनिक स्थल तथा निजी स्थानहरुमा समेत सफाई र स्वच्छताको स्तर बढाई प्रदेशमा स्वच्छता कायम गर्न प्रदेश सरकारले घोषणा गरेको "मुख्यमन्त्री स्वच्छता अभियान" संचालन गर्न आवश्यक पर्ने स्रोतको प्राप्ती, परिचालन र व्यवस्थापन गर्न आवश्यक भएकोले प्रदेश नं. २ को प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा २ बमोजिम प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "मुख्यमन्त्री स्वच्छता अभियान" कोष स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरेको मितिदेखि प्रदेश नं. २ भर लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले बुदाँ नं. ७ मा रहेको निर्देशक समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले बुदाँ नं. ३ बमोजिम स्थापना भएको "मुख्यमन्त्री स्वच्छता अभियान" कोष सम्झनुपर्छ ।

(ग) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले "मुख्यमन्त्री स्वच्छता अभियान" कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७५ मा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन समिति सम्झनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनुपर्छ ।

(ङ) "प्रदेश लेखा नियन्त्रक कार्यालय " भन्नाले प्रदेशमा स्थापित प्रदेश लेखा नियन्त्रक कार्यालय र सो मातहतका जिल्ला स्थित कार्यालयलाई सम्झनुपर्दछ।

(च) " प्रशासनिक खर्च" भन्नाले कार्यक्रममा संलग्न हुने जनशक्ति/पदाधिकारीको पारिश्रमिक भत्ता, सेवा, महसुल, भाडा, कार्यालय सामान, परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्चलाई सम्झनुपर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्दछ ।

(ज) "भूमिसुधार तथा मालपोत कार्यालय " भन्नाले प्रदेश नं. २ मा भित्र रहेका भुमीसुधार तथा मालपोत कार्यालय सम्झनुपर्छ ।

(झ) "योजना" भन्नाले बुदाँ नं. ५ बमोजिम कोषको उद्देश्य हासिल गर्न मुख्यमन्त्री कार्यालयले संचालन गर्ने स्वीकृत वार्षिक कार्यक्रम सम्झनुपर्छ ।

(ञ) "लेखा प्रमुख" भन्नाले मन्त्रालयको लेखा प्रमुख सम्झनुपर्छ ।

(ट) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले कोषको बुदाँ नं. ७ बमोजिमको निर्देशक समितिको सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेश नं. २ मा रहेका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ र सो शब्दले जिल्ला सभा समेतलाई जनाउँछ ।

(ढ) "समिति" भन्नाले बुदाँ नं. ७ बमोजिमको निर्देशक समिति र बुदाँ नं. १० बमोजिमको कोष संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ण) "स्वच्छता अभियान कार्यक्रम" भन्नाले प्रदेश सरकारले घोषणा गरी कार्यान्वयनमा ल्याएको "मुख्यमन्त्री स्वच्छता अभियान " लाई सम्झनुपर्छ ।



## परिच्छेद-२
## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. कोषको स्थापना :

(१) प्रदेश सरकारले प्रदेशलाई सफा एवं स्वच्छ प्रदेशको रुपमा स्थापित गर्न तथा "मुख्यमन्त्री स्वच्छता अभियान" कार्यक्रम संचालन गर्न "मुख्यमन्त्री स्वच्छता अभियान" नामको एक कोषको स्थापना गर्ने छ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश आर्थिक ऐन,२०७५ को दफा २ को अनुसूची १ खण्ड (ग) को देहाय १ बमोजिम प्रदेश नं. २ भित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका क्षेत्रभित्रको पारित हुने घरजग्गाको राजिनामा, सट्टापट्टा र सगोलनमाको लिखत, छोड पत्र, रजिष्ट्रेशन पारित गर्दा रजिष्ट्रेशन लिखतको थैली अंकको ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत दस्तुर वापतको भुमिसुधार तथा मालपोत कार्यालयबाट प्राप्त रकम,

(ख) नेपाली नागरिकबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) गैर आवसीय नेपालीहरुबाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) सार्वजनिक क्षेत्र एवं संगठित क्षेत्रका कर्मचारीहरुबाट स्वस्फूर्त रुपमा प्राप्त तलब/ पारिश्रमिकवाट गरिने दान, चन्दाबाट प्राप्त रकम,

(ङ) विभिन्न संघ, संस्था र व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(च) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(छ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ, संस्था तथा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ज) अन्य श्रोतबाट प्राप्त रकम।

(३) देहाय २ को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अघि कोषले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) कोषले रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम सार्वजनिक गर्न सकिनेछ ।

(५) कोषमा जम्मा हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको खातामा जम्मा गरिनेछ।

(६) कोषको खाता संचालन मन्त्रालयको सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. <u>कोषको उद्देश्य</u> : प्रदेश नं. २ भित्रका गाउँ, शहर एवं शहरोन्मुख क्षेत्रमा स्वच्छ खानेपानीको आपूर्ति र शहर तथा घर घरबाट उत्सर्जन हुने फोहोर मैलाको वैज्ञानिक व्यवस्थापनको कार्य चुनौतीको रुपमा रहेको छ । स्वच्छ खानेपानीको सर्वसुलभ व्यवस्था मिलाउने र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न "मुख्यमन्त्री स्वच्छता अभियान " कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्नु कोषको उद्देश्य हुनेछ ।

५. <u>कोषको प्रयोग</u> : कोषको रकम देहायका कार्यक्रममा उपयोग गरिनेछः-

(१) सार्वजनिक संरचनाहरुको पुनर्निर्माण/सुधार :

(क) प्रदेश भित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक एवं पर्यावरणिय दृष्टिले महत्वपूर्ण सार्वजनिक पोखरीहरुको पुनर्निर्माण, मर्मत/सम्भार र संरक्षण गर्ने ।

(ख) धार्मिक एवं सांस्कृतिक महत्वका इदगांह, छठघाट, धर्मशाला, चौतारी, बृद्धाश्रम,क्रियापुत्री भवन, शवदहन स्थान, कब्रस्तान, लगायतका स्थलहरुको निर्माण, मर्मत संभार, सुधार र विकास गर्ने।

(२) खानेपानी स्वच्छता कार्यक्रम : खानेपानी स्वच्छता अभियान कार्यक्रम कार्यन्वयन गर्न स्थानीय तह, उपभोक्ता समिति, जिल्ला स्थित कार्यालय तथा सेवा प्रदायक निकायहरुसंग सहकार्य र समन्वय गरि आवश्यक कार्यक्रमहरु संचालन गरि सुरक्षित र स्वच्छ खानेपानीको महत्वलाई नागरिकको बुझाईमा निखार ल्याउँदै स्वच्छ खानेपानीमा सबैको पहुँच पहुच पुर्याउने। साथै सर्वसाधारणको स्वास्थ्यलाई ध्यानमा राखी तोकीएका स्थानहरुमा ईनार, धारा, पानी टयाङ्की, शौचालय लगायतको निर्माण, मर्मत संभार तथा सुधारका कार्यक्रमहरु संचालन गर्ने कार्यमा सहयोग गर्ने, पानी फोहोर गर्ने चौपाया व्यवस्थापन गर्ने/गराउने, समुदायहरुमा अन्य कुनै संस्थाबाट संचालित खानेपानी लगायतका कार्यक्रममा उपभोक्ता



समितिहरुमा रहेका दलित/अल्पसंख्यक/विपन्न समुदायबाट हुनु पर्ने योगदानको लागि आर्थिक सहयोग उपलब्ध गराउन सकिने ।

(३) फोहोर मैला व्यवस्थापन : प्रदेश भित्रको गाउँ, शहर एवं शहरोन्मुख क्षेत्रमा रहेको फोहोरमैलालाई व्यवस्थापन गर्न फोहोर उत्सर्जन हुने स्थानमा डस्टविन राख्ने/राख्न लगाउने, प्लाष्टिक निषेधित क्षेत्र घोषणा गर्ने/गराउने लगायतका कार्यक्रम संचालन गर्ने ।साथै स्थानीय तहसँगको समन्वय र सहकार्यमा फोहोर व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइडको छनौट, निर्माण र व्यवस्थापनमा सहयोग उपलब्ध गराउने।

(४) सार्वजनिक शौचालय निर्माण सहयोग कार्यक्रम : प्रदेश भित्रका स्थानीय तह एवं उपभोक्ता समितिहरुसँग समन्वय गरि सार्वजनिक शौचालय निर्माण गर्ने ।

(५) विद्यालयमा छात्रा शौचालय निर्माण गर्ने : विद्यालय अध्ययनरत छात्राहरुको बीचमै विद्यालय छोड्ने दर कम गर्न स्थानिय तहको सिफारिशमा विद्यालयहरुमा व्यवस्थित छात्रा शौचालयको व्यवस्था गर्न छात्रा शौचालय निर्माण गर्ने।

(६) स्वच्छता सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम : स्थानिय तहले सिफारिस गरेका लक्षित संस्थाहरुलाई तोकिएका कार्यक्रमहरु संचालन गर्न सम्वन्धित विद्यालय मार्फत सम्झौता गरी सशर्त अनुदान समेत उपलब्ध गराउन सकिने ।

(७) प्रचार प्रसार कार्यक्रम गर्ने : फोहरमैला व्यवस्थापनका तरीका र यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरका बारेमा जनचेतना मूलक अभियानको लागि विभिन्न किसिमका लेख रचना प्रकाशन, सार्वजनिक स्थलमा सचेतना मूलक होडिङ बोर्ड राख्नुको साथै स्थानीय पत्रपत्रिका, एप्स, रेडियो तथा टेलिभिजन मार्फत जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(८) सरसफाई तथा स्वच्छता कार्यक्रम : प्रदेश अन्तर्गतका शहरहरु, सरकारी कार्यालयहरु र कार्यालय परिसरमा प्रत्येक महिनामा एक दिन आफ्नो कार्यालय परिसर, कार्यालयमा रहेका शौचालय लगायतका स्थानमा सरसफाई कार्यक्रम संचालन गरी "सचेत नागरिक सफा प्रदेश"

निर्माण अभियान कार्यक्रम संचालन गर्ने । जनकपुरधाम, राजविराज, वीरगंज, सिमरा, कलैया, सिरहा, लहान, मलंगवा, रौतहट लगायतका प्रदेश भित्रका शहरहरुमा स्वच्छता अभियान सञ्चालन गर्ने तथा प्रदेश भित्र सरसफाइका साथै शौचालयहरुको निर्माणमा सहयोग गरिने छ । त्यसैगरी संकट ग्रस्त टोल/वस्तीहरुमा लामखुट्टे तथा बिषालु सर्प विरुद्धको औषधि व्यवस्था गर्न सकिने ।

(९) स्वास्थ्य महिला स्वयंसेविका क्षमता अभिवृद्धी कार्यक्रमः सरसफाईमा महिलाको भूमिका महत्वपूर्ण हुने भएकोले समाजमा स्थापित भैसकेका महिला स्वास्थ्य स्वयंसेविका मार्फत सरसफाई अभियानलाई व्यापकता दिन स्वयंसेविका महिलाहरुको समयसापेक्ष क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न सकिने ।

(१०) स्वास्थ्य तथा सरसफाई सम्बन्धी गोष्ठी, अन्तर्रक्रिया कार्यक्रम गर्ने : फोहोरमैलालाई व्यवस्थित गर्ने, स्वस्थ रहन ध्यान पुर्याउनु पर्ने कुराहरुका बारेमा आर्थिक तथा सामाजिक रुपले पिछडिएका जात-जाति र समुदायलाई जनचेतना मूलक कार्यक्रम संचालन गर्न विभिन्न गोष्ठी र अन्तरक्रिया कार्यक्रम संचालन गर्न सकिने।

(११) धार्मिक तथा सार्वजनिक स्थलमा स्वच्छता कार्यक्रम : प्रदेश भित्र धार्मिक पर्यटनको विकासको प्रचूर सम्भावना रहेको छ । जनकपुर-अयोध्या राम सर्किटको शुरुवातले यो सम्भावना झनै बढेको छ। धार्मिक पर्यटनको विकासको लागि धार्मिक स्थल एवं पोखरीहरुको सरसफाई गर्न सकिने ।जनसहभागिता जुटाई नियमितरुपमा स्वच्छता अभियान सञ्चालन गर्न सकिने ।

(१२) जनचेतना मूलक अभियान संचालनः सरसफाई र स्वच्छता अभियानलाई सफल बनाउन जनचेतना जरुरी छ। त्यसका लागि समुदायहरुमा रहेका घरमुलीहरुको लागि जनचेतना मुलक प्रशिक्षण कार्यक्रम समेत संचालन गर्न सकिने ।

(१३) होर्डिङ्ग बोर्ड राख्नेः नागरिक सचेतना अभिवृद्धिका लागि प्रदेशका जिल्लाहरुमा आवश्यकतानुसार सार्वजनिक स्थलहरुमा स्वच्छता



अभियानसँग सम्बन्धित विभिन्न नारा, लोगो र सूचना चित्र सहितको होर्डिङ्ग बोर्ड र सूचना बोर्ड सार्वजनिक स्थलहरुमा राख्न सकिने ।

(१४) अन्यः "मुख्यमन्त्री स्वच्छता अभियान" लाई प्रभावकारी बनाउन आवश्यक अन्य काम गर्ने वा गराउने ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम बुदाँ नं. ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन्। तर प्रदेश सरकारले पाँच प्रतिशत सम्मको रकम प्रशासनिक कार्यमा उपयोग गर्न सकिनेछ ।

## परिच्छेद-३
## निर्देशक समितिको गठन र काम, कर्तव्य तथा अधिकार

७. निर्देशक समितिको गठन :

(१) कोषको तर्फबाट गर्ने सम्पूर्ण काम कारबाहीको संचालन रेखदेख, नियन्त्रण तथा निर्देशन दिन एक निर्देशक समिति रहनेछ ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - सदस्य

(ग) भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री - सदस्य

(घ) प्रमुख सचिव - सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय-सदस्य

(छ) सचिव, भौतिक पूर्वधार विकास मन्त्रालय - सदस्य

(ज) प्रतिनिधि, प्रदेश नीति आयोग - सदस्य

(झ) उप-सचिव, योजना शाखा, मन्त्रालय - सदस्य सचिव

(३) समितिले बैठकमा सम्बद्ध पक्षका ३ जना सम्मलाई आमन्त्रित गर्न सक्नेछ। समितिका पदाधिकारी / सदस्यले नियामनुसारको बैठक भत्ता पाउने छन् साथै कार्यक्रमको अनुगमन मुल्याकंनमा खटिने व्यक्तीलाई

नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोष मार्फत संचालन हुने योजना तथा कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) योजनाको पहिचान गर्ने,

(ग) योजना सम्पन्न हुने अवधि तोक्ने,

(घ) योजना कार्यक्रम संचालनका लागि प्राप्त भएका प्रस्तावहरु आवश्यकतानुसार स्वीकृत गर्ने/कार्यदिश दिने,

(ङ) योजना संचालन सम्बन्धी मापदण्ड तथा कार्यविधि स्वीकृत गर्ने,

(च) कोषको वजेट स्वीकृत गर्ने,

(छ) कोष मार्फत संचालित योजना कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्ने/गराउने,

(ज) कोषको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने वा गराउने ।

९. निर्देशक समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिले बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार

१०. कोष संचालन तथा व्यवस्थापन समिति :

(१) कोष संचालन सम्बन्धी कार्यका लागि एक संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कोष संचालन तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-



(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सचिव, स्थानीय तह हेर्ने मन्त्रालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ्) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(च) उप-सचिव, योजना शाखा, मन्त्रालय - सदस्य

(छ) उप-सचिव, आर्थिक तथा पूर्वाधार विकास शाखा मन्त्रालय - सदस्य

(ज) उप-सचिव/अधिकृत प्रतिनिधि भौतिक पूर्वाधार विकास मन्त्रालय-सदस्य

(झ) उप-सचिव/ अधिकृत प्रतिनिधि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय-सदस्य

(ञ) लेखा प्रमुख,मन्त्रालय - सदस्य

(ट) शाखा अधिकृत,योजना शाखा, मन्त्रालय - सदस्य सचिव

(३) समितिले बैठकमा सम्बद्ध पक्षका ३ जना सम्मलाई आमन्त्रित गर्न सक्नेछ । समितिका पदाधिकारी / सदस्यले नियामनुसारको बैठक भत्ता पाउने छन् साथै कार्यक्रमको अनुगमन मुल्याङ्कनमा खटिने व्यक्तीलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

११. कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम छनौट गरी समितिमा स्वीकृतिका लागि सिफारिश गर्ने,

(ख) कोषले स्थानीय तह, स्वयंसेवी संस्था, सामुदायिक सार्वजनिक संस्था तथा संगठनसँगको सहकार्यमा तथा स्थानीय तह स्वयंसेवी संस्था, सामुदायिक संगठन, सरकारी निकाय, गैर सरकारी निकाय मार्फत संचालन वा सहकार्यमा गर्नु पर्ने कार्यक्रमको वर्गीकरण गरी कार्यक्रम संचालन /कार्यान्वयनका लागि समिति समक्ष सिफारिश गर्नेछ,

(ग) कुनै कार्यक्रम संचालन गर्न स्थानीय तह,स्वयंसेवी संस्था, सार्वजनिक निकाय, गैर सरकारी संस्थाले पेश गरेको प्रस्तावको वर्गिकरण र मूल्यांकन गरी समिति समक्ष सिफारिश गर्ने,

(घ) कुनै कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने योगय स्थानीय तह, उपभोक्ता समिति, स्वयमसेवी संस्था,सार्वजनिक निकाय,गैर सरकारी संस्था, सामुदायिक संस्थालाई कार्यक्रम संचालन गर्न स्वीकृतिका लागि समिति समक्ष सिफारिश गर्ने ।

(ङ) "मुख्यमन्त्री स्वच्छता अभियान" कार्यक्रमको प्रचार प्रसार र सो सम्बन्धी गोष्ठी, अन्तरकृया सेमिनार,तालिम आदि कार्यमा समेत समितिको निर्णायानुसार संचालन गर्न सकिने,

(च) विभिन्न सूचनामुलक, जनचेतनामुलक, सचेतनामुलक कार्यक्रम संचालन गरी स्वच्छता अभियान कार्यक्रमलाई प्रदेश भित्र अभियानको रुपमा संचालन गर्ने/गराउने

(छ) अन्य आवश्यक कार्यहरु गर्ने,

१२. <u>प्रस्ताव आह्वान गर्ने</u> :

(१) कोषले आफ्नो उद्देश्य हासिल हुने कार्यक्रम छनौट गरी कोषसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानिय तह, स्वयंसेवी संस्था, सार्वजनिक निकाय वा सामुदायिक संगठनबाट प्रस्ताव आह्वान गर्न सकिनेछ।

(२) उपबुदाँ (१) बमोजिम प्रस्ताव आह्वान भएकोमा कार्यक्रम संचालन गर्न चाहने सम्बन्धित स्थानिय तह, उपभोक्ता समिति स्वयंसेवी संस्था, सार्वजनिक निकाय,सामुदायिक संस्थाले कोषले निर्धारण गरे बमोजिमको ढाँचामा विस्तृत प्रस्ताव कोषले तोकिदिएको समयसीमा भित्र रही यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) उपबुदाँ (२) बमोजिमको प्रस्ताव प्राप्त भएमा सो सम्बन्धमा अध्ययन गरी संचालन तथा व्यवस्थापन समितिले त्यस्तो कार्यक्रम संचालन गर्न सम्बन्धित प्रस्तावकलाई स्वीकृत प्रदान गर्न सक्नेछ ।

(४) उपबुदाँ (३) बमोजिम प्रस्ताव स्वीकृत भएपछि मन्त्रालयले सम्बन्धित पक्षसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।



१३. <u>कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन</u> :

(१) मन्त्रालयले नियमित रुपमा यो कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

(२) संचालन तथा व्यवस्थापन समितिले चौमासिक रुपमा कोषको अद्यावधिक स्थितिको समीक्षा गरी सम्बन्धित कार्यक्रम संचालन गर्ने सरकारी निकाय, स्थानीय तह, स्वयमसेवी संस्था तथा सामुदायिक संस्थालाई उपयुक्त निर्देशन दिनेछ ।

## परिच्छेद-५
## <u>खर्चको निकासा, लेखाङ्कन, लेखा परीक्षण प्रतिवेदन</u>

१४. <u>खर्चको निकासा</u> : कोषको संचालन तथा व्यवस्थापन समितिले स्वीकृत प्रदान गरेका स्थानीय तह, सार्वजनिक निकाय, गैर सरकारी निकाय, सामुदायिक संस्थालाई योजना/संचालनको लागि खर्चको निकासा दिदाँ कार्य तथा उपलब्धिको आधारमा २ किस्तामा उपलब्ध गराउन सकिनेछ ।

१५. <u>कोषको रकम जम्मा भएको निस्सा प्रदान गर्ने</u> :(१) कोषमा रकम दाखिला भए पश्चात कार्यालयले सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयलाई रकम जम्मा गरेको निस्सा प्रदान गर्नेछ ।

१६. <u>कोषको रकम खर्च गर्ने कार्यविधि</u> :

(१) कोषमा विभिन्न श्रोतबाट प्राप्त रकम आवश्यकता अनुसार संचालन तथा व्यवस्थापन समितिको निर्णयबाट खर्च गर्न सकिनेछ ।

(२) प्रत्येक आ.व. मा हुन सक्ने खर्चका सम्बन्धमा समितिले आवश्यकता अनुसार तथा सो को लागि अनुमानित खर्च समेतको व्यवस्था गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी वार्षिक कार्क्रम स्वीकृत गर्नु पर्ने।

(३) उपबुँदा (२) बमोजिमको स्वीकृत कार्यक्रम तथा बजेट खर्चका सम्बन्धमा प्रत्येक चौमासिक अवधि पश्चात कार्यक्रम पुनरावलोकन गरी आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

(४) उपबुँदा (२) बमोजिमको कार्य सम्पन्न गर्न कार्य विवरण र कार्यविधि तोकि कुनै व्यक्ति वा संस्था मार्फत गर्न आवश्यक देखिएमा संचालन तथा व्यवस्थापन समितिले सो कार्यका लागि आवश्यक कार्यविधि तोकि आवश्यकता अनुसार बजेट समेत व्यवस्था गर्न सक्नेछ ।

(५) पेश हुनआएका प्रस्तावहरु स्वीकृत हुने वा नहुने कुराको जानकारी प्रस्तावकलाई दिनेछ ।

(६) उपबुदाँ (४) बमोजिमको कार्यका लागि कोषबाट रकम निकासा दिदाँ कोष र प्रस्तावक विच सम्झौता गरी सो सम्झौता र कार्य सम्पादनको प्रगति अनुसार निकासा दिने व्यवस्था गरिनेछ ।

(७) संचालन तथा व्यवस्थापन समितिले स्वीकृत प्राप्त नगरी प्रस्ताव भन्दा बढी रकम खर्च भएको दावी गरेमा त्यस्तो रकम कोषबाट उपलब्ध गराइने छैन ।

(८) कोषबाट रकम निकासा लिने व्यक्ति वा संस्थाले आफुले सम्पन्न गरेको कामको विवरण तथा खर्च विवरण कार्यक्रम सम्पन्न गरी नियमानुसार कार्यालयमा बुझाई हिसाव फरकफरक गर्नु पर्नेछ ।

१७. खर्चको लेखाङ्कन :

(१) यस कार्यविधि बमोजिम भएको खर्चको लेखा सम्बन्धित स्थानिय तह, स्वयंसेवी संस्था, सरकारी निकाय, समुदायिक संस्थाले प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) उपबुदाँ (१) बमोजिम लेखा सम्बन्धित कागजात योजना सम्पन्न भएको ३५ दिनभित्र स्थानिय तह, स्वयंसेवी संस्था, सरकारी निकाय, स्वयंसेवी संस्थाले कोषमा बुझाउनु पर्नेछ ।

१८. लेखापरीक्षण :

(१) कोषको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(२) कोषबाट सहयोग प्रप्त गर्ने संस्थाले योजना / कार्यक्रमको तोकिए बमोजिम सामाजिक परिक्षण गराउने पर्ने छ ।

१९. वार्षिक प्रतिवेदन पेश गर्ने : संचालन तथा व्यवस्थापन समितिले कोषको काम कारबाही वार्षिक प्रतिवेदान आ.व.सम्पन्न भएको मितिले तीस दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२०. सार्वजनिक गर्नु पर्ने : प्रदेश सरकारले बुदाँ (१९) बमोजिमको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष बुझाएको मितिले ४ महिना भित्र सार्वजनिक गर्नु पर्नेछ ।

२१. कार्यविधिको संशोधन :- प्रदेश सरकारले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।